# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७८/०७९ बैठक ब्यवस्थापन शाखा

च.नं.: १३८

मिति:-२०७८/०४/२०

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

**विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।**

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७८ साउन २० गते वसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान **४ चार** यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

४/२०

...............................
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन:०५७-४१९३०३वेवसाईट:www.manaharimun.gov.np, ईमेल:manaharimun@gmail.com

"कृषि, पर्यटन, वन वातावण र ब्यापार, मनहरी समृद्धीको मूल आधार"

Scanned with CamScanner

मिति २०७८ श्रावण २० गते बसेको मनहरी गाउँ कार्यपालिका बैठकको निर्णय

वैठक संख्या १
मिति २०७८।४।२०गते
स्थान : मनहरी गाउँपालिका कार्यालयको सभा हल

आज मिति २०७८ साल साउन २० गते विहान ठिक ८.०० वजे मनहरी गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पहिलो वैठक देहायका पदाधिकारी ज्यूहरुको उपस्थितिका देहायका निर्णय गदै सम्पन्न भयो ।

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं वडा अध्यक्ष | |
| ४ | श्री आनन्द घलान | २ नं वडा अध्यक्ष | |
| ५ | श्री विष्णु थिङ्ग | ३ नं का.वा.वडा अध्यक्ष | |
| ६ | श्री ध्रुव खड्का | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री शुभराज थिङ्ग | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री गोपीलाल मोक्तान | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर तितुङ्ग | ७ नं वडा अध्यक्ष | |
| १० | श्री दिल वहादुर स्यांतान | ८नं वडा अध्यक्ष | |
| ११ | श्री साधुराम अधिकारी | ९ नं वडा अध्यक्ष | |
| १२ | श्री कृष्ण विडारी | महिला कार्यपालिका सदस्य | |
| १३ | श्री पुम्फा रोक्का | महिला कार्यपालिका सदस्य | |
| १४ | श्री राधादेवी खकुराल पाठक | महिला कार्यपालिका सदस्य | |
| १५ | श्री राममाया प्रजा चेपाङ्ग | महिला कार्यपालिका सदस्य | राममाया |
| १६ | श्री गीता कुमारी प्रजा | दलित अल्पसंख्यक कार्यपालिका सदस्य | |
| १७ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |



Scanned with CamScanner

मिति २०७८ श्रावण २० गते बसेको मनहरी गाउँकार्यपालिका बैठकको निर्णय

प्रस्तावहरु

१) नदीजन्य पदार्थ र ढुङ्गा गिटी वालुवाको स्टक प्रमाणित सम्वन्धमा
२) कर्मचारीको कार्यविभाजन सम्वन्धमा ।
३) राजश्व घुम्ती शिविर सम्वन्धमा ।
४) राजश्व परामर्श समितिको निर्णय पुस्तिका प्रमाणित नभएको सम्वन्धमा ।
५) नक्कली रसिद छानविन सम्वन्धमा ।
६) वेरुजु रकम संपरीक्षण गराउने सम्वन्धमा ।
७) विविध ।

निर्णयहरु

निर्णय नं १

मनहरी गाउँपालिका भित्र रहेका क्रसर उद्योग, नेचुरल वालुवा प्लान्टहरु तथा व्यवसायीक प्रयोजनले थुपारीएका नदिजन्य पदार्थहरु(ढुंगा, गिट्टी, वालुवा आदि) को २०७८ आषाढ मसान्त सम्म खरिद, विक्री, स्टक सम्वन्धी विवरण लिने कार्यका लागि स्थानीय राजश्व परामर्श समितिलाई अनुरोध गरेकोमा सो समितिका संयोजकले आँफु अनुकुलको कर्मचारीलाई राजश्व शाखा नदिएको कारण जनाई सो कार्य नगरेकाले मिति २०७८/४/८ गते प्रकाशित स्टक विवरण पेश गर्ने सम्वन्धी सुचना अनुसार नदिजन्य पदार्थको नापजाँच कार्यका लागि राजश्व परामर्श समितिका पदाधिकारी, वडा स्तरीय अनुगमन उपसमितिका प्रतिनिधि, कर संकलक समेतको सहभागितामा स्थलगत रुपमा प्राविधिक समितिले नापजाँच गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. २
यस गाउँपालिकाको वडा नं १ मा विगत लामो समय देखि वडा सचिव खाली रहि रहेकोमा उक्त वडाको दैनिक प्रशासनिक कामकाज प्रभावित रहि रहेकोमा कामकाजलाई नियमित गर्नको लागि देहायका कर्मचारीहरुलाई देहाय वमोजिम गर्न निर्देशन दिने ।
(क) कम्प्यूटर अपरेटर श्री राजिव वानियाँलाई अर्को व्यवस्था नभए सम्मको लागि वडा नं १ मा वडा सचिव रुपमा खटाउने ।

निर्णय नं. ३
गाउँसभाले निर्धारण गरेका राजश्वका श्रोत संकलन गरी जनतालाई वडा कार्यालयहरुवाट प्रदान गरिने सेवा प्रवाह विश्वसनिय र प्रभावकारी रुपमा समयमै सहज र सरल किसिमले सम्पादन ने परिपाटीको विकास गर्नका लागि मिति २०७८ श्रावण २९ र ३० गते क्रमश: वडा नं. ३ र ७ मा राजश्व घुम्ती शिविर संचालनका लागि आवश्यक तयारी गर्ने व्यवस्था कार्यालयले मिलाउने ।

निर्णय नं. ४
राजश्व परामर्श समितिको निर्णय पुस्तिकाका सवैजसो निर्णयहरुमा संयोजक लगायत केहि निर्णयहरुमा सदस्य सचिवले समेत दस्तखत नगरेको विषयमा यस बैठकको गंम्भिर ध्यानाकर्षण भयो । के कारणले सो निर्णयहरु प्रमाणित गर्ने कार्य नगरिएको र किन निर्णय सार्वजनिक नगरिएको हो सो सम्वन्धमा



एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

सम्वन्धित सदस्य सचिव संग स्पष्ट प्रतिवेदन लिई आगामी कार्यपालिका वैठकमा पेश गर्ने व्यवस्था कार्यालयले मिलाउने ।

निर्णय नं. ५

आ.व.२०७६/०७७ मा ढुंगा, गिट्टी, बालुवाको ठेकेदार सि.वि. कन्स्ट्रक्सन प्रा.लि.ले प्रयोग गरी फिर्ता ल्याएको नगदी रसिदहरु कार्यालयवाट जारी गरे वाहेक नक्कली रसिदहरु प्राप्त भएको भनि मिति २०७७ आश्वीन २० गते वसेको मनहरी गाउँपालिकको स्थानीय राजश्व परामर्श समितिले प्रमुख प्रशासकिय अधिकृतले पेश गरेका प्रतिवेदनलाई आधार मानी माथिल्लो निकायवाट सिफारिस भएको निर्णय मिति २०७७ पौष १ गते वसेको कार्यपालिका वैठकमा पेश भई छलफल गर्दा सो वैठकको निर्णय नं. १३ (ख) मा थप स्पष्टताका लागि राजश्व परामर्श गराउने निर्णय भएको सन्दर्भमा राजश्व परामर्श समितिका संयोजक श्री मनिला विष्टले मिति २०७८/४/१४ मा दिनु भएको ध्यानाकर्षण पत्रानुसार के कसको लापरवाही वा वदमासीवाट कार्यालयले जारी गरेका भन्दा वाहेकका रसिदहरु ककसको मिलोमोतोमा प्रयोग गरि कार्यालयमा प्राप्त भएका हुन । यसवाट कार्यालयको राजश्वमा के कति र कसरी आर्थिक क्षति भयो सो कार्य नियन्त्रण र नियमन गर्नुपर्ने जिम्मेवारीमा कर्मचारीहरुको सम्वन्धमा सत्य तथ्य छानविनका लागि देहायका सदस्य रहेको छानविन समिति गठन गर्ने ।

देहाय

| | | |
|---|---|---|
| वडा अध्यक्ष | श्री दिल वहादुर स्याङ्गतान | संयोजक |
| भुमि व्यवस्था शाखा प्रमुख | श्री राजेन्द्र चौलागाई | सदस्य |
| लेखा शाखा प्रमुख तथा राजश्व शाखा प्रमुख | श्री संगीता अधिकारी | सदस्य सचिव |

निर्णय नं. ६

यस गाउँपालिकामा विगत वर्षदेखि कायम रहेको वेरुजुलाई संपरिक्षण गर्नको लागि देहायका कर्मचारी रहेको एक वेरुजु फरछयौट कार्यदल गठन गर्ने

देहाय

| | |
|---|---|
| प्रशासन शाखा प्रमुख | संयोजक |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| आ.ले.प शाखा प्रमुख | सदस्य सचिव |

(७) विविध

(क) यस गाउँपालिका न्यायिक समितिमा मेलमिलाप संयोजक श्री वालमुकुन्द ढकालको करारनाम साविक वर्षमा जस्तै सेवा सुविधा पाउने गरि २०७९ साल अषाढ मसान्त सम्म थप गर्ने

(ख) भुमि व्यवस्था शाखा अन्तर्गत भुमिहिन दलित , भुमिहिन सुकुम्वासि,र अव्यवस्थित वसोवास कार्यक्रममा कार्यरत फिल्डमा खटिने कर्मचारीहरुलाई सेवा सुविधा निर्देशिका वमोजिम अतिरिक्त समयमा कामका गरेको समयको खाना खाजा सहितको सुविधा उपलब्ध गराउने ।

(ग) यस गाउँपालिका भुमि व्यवस्था शाखाका लागि जग्गा नापि गर्ने प्रयोजनको लागि मिति २०७८ साल अषाढ महिनामा सिलवन्दी दरभाउपत्रका माध्यामवाट खरिद गर्ने गरि प्रकाशित सूचना अनुसार



एकराज उप्रेती
अध्यक्ष

टोटल स्टेशन सेट लगायतका मेशिनरी औजार खरिदका लागि भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

(घ) वर्षातको समयमा यस गाउँपालिका भित्रका विभिन्न वडाहरुमा वर्षातका कारण सृजना भएको वाढी पहिरोको कारण क्षति पुगेको संरचनाहरुको लागत अनुमान तयार गरि विवरण गाउँकार्यपालिकामा पेश गर्ने र उक्त योजनाको लागि रु एक लाखको सिमा भित्र रहि गर्नु पर्ने ।
वडा नं ६ को डिपार्ट सिंचाई कुलो मर्मत
वडा नं ६ को प्रतापुर जोडने अन्नपुर्ण वस्तिमा रहेको काठे पुल मर्मत
वडा नं ४ को निर्माण भएको सिंचाइ कुलो
वडा नं ८ र ९ को वाढीले क्षति पुरयाएको सिंचाइ कुलो
वडा नं ८ निवाशी श्री सानुकान्छा थोका को घर मिति २०७८ साल असाढ १७ र १८ गते परेका अविरल वर्षातको कारण क्षति पुगेकोमा निजको घर निर्माणका लागि प्राविधिक खटाइ प्रतिवेदन प्राप्त भए पछि प्रतिवेदनको आधारमा रु १ लाख को परिधि भित्र रहि भुक्तानी दिने ।

ङ) यस गाउँपालिकाका लागी देहायका कार्यविधिहरु पारित गर्ने

(अ) करार सेवामा कर्मचारी भर्ना कार्यविधि २०७८
(आ) सामुदायिक आँखा केन्द्र संचालन कार्यविधि २०७८

(च) गाउँपालिकाका ९ वटै वडाहरुमा विद्युतिय व्याक अफ नहुदा वडा कार्यालयको कार्य सम्पादनमा अशर परिरहेकोले वडा कार्यालय व्यवस्थापन खर्चमा विनियोजन भएको रकमवाट भुक्तानी हुने गरि विद्युतीय व्याक अफ जडान गर्ने ।

(छ) गाउँपालिकाका सवै वडा कार्यालहरुवाट यही भाद्र १ गते देखि अनिवार्य रुपमा राजश्व , योजना , सम्पति कर र पंन्जिकरणलाई अनलाईन विधीमा लैजाने ।

(ज) गाउँपालिकाका ९ वटै वडाहरुमा अनलाईन कर , योजना , सम्पति कर र पंन्जिकरणको कार्य गर्नको लागि दैनिक ज्यालादारीमा सहायक कम्प्यूटर अपरेटरहरुलाई कामकाजमा लगाउने ।

(झ) नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंह्दरवार काठमाण्डौ आन्तरिक व्यवस्थापन शाखाको मिति २०७७०४।०१ च.नं १२ को पत्रानुसार लोक सेवा आयोगवाट सिफारिस भई नियुक्ति भएका कर्मचारीह्रुको कार्यसम्पादन मुल्यांकन देहाय वमोजिम हुने ।

(ञ) यस गाउँपालिकामा सशर्त अनुदानको रुपमा प्राप्त भएका सोलार र चुल्हो तपशिलका वस्तिमा वितरण गर्ने ।
(क) सोलार वडा नं ६ को हांङ्लाङ्ग ११ थान वडा नं २ मा ७ थान
(ख) धुँवा रहित चुल्हो ६ नं पोलाघारी
(ट) यस गाउपालिकामा रहेका सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुले प्रचलित आचार संहिताको पुर्ण पालन गर्ने , पुर्ण पालना नभएको भए प्रचलित कानुन वमोजिम हुने ।



एकराज उप्रेती
अध्यक्ष